स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिकाद्वय कला लम्साल र एलिना चौहानबीच केही महिनायता पटक-पटक झगडा हुँदै आएको छ। हालैको अमेरिका टूरलाई लिएर यी दुईजनाले सामाजिक सञ्जालमा आरोप-प्रत्यारोप गरे। अमेरिकाको सांगीतिक टूरलाई बीचमै छाडेर कला नेपाल फर्किएकी थिइन्। एलिनाले आयोजकलाई साथ दिएर आफूविरुद्ध बोलेको आरोप कलाले त्यतिबेला लगाएकी थिइन्। यसपटक भने, यी दुईको विवाद सिक्रीलाई लिएर भैरहेको छ।

**आजको विचार...**



नेपालमा... *(दुई पेजमा)*

गम्भीरबहादुर हाडा

यस साताको बक्सअफिस कलेक्सन विवरण सार्वजनिक भएको छ। पछिल्लो शनिबार अर्थात ५ पुससम्मको सिनेपाः बक्सअफिसको विवरण आएको हो। जसअनुसार, शोभित बस्नेत निर्देशित फिल्म 'पीआर' ले देशब्यापी ६ लाख ६८ हजार ६३३ नेरु ग्रस कमाएको छ। यसका २१०९ वटा टिकट बिकेका छन्। खगेन्द्र लामिछाने अभिनित 'हर्ष' ले सोही अवधिसम्म २८ लाख ७८ हजार ५३६ नेरु ग्रस कमाएको छ।



❐ वर्ष ३१ अंक १४६ ❐ २०८२ पुस ८ गते मंगलबार 23 December 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### इन्डोनेसियामा बस पल्टिँदा १६ को मृत्यु

(रासस/एएफपी)

**जकार्ता,** पुस ७/सोमबार बिहान इन्डोनेसियाको एक प्रमुख राजमार्गमा भएको भीषण दुर्घटनामा कम्तीमा १६ जनाको ज्यान गएको उद्धारकर्ताहरूले बताएका छन् । राजधानी जकार्ताबाट योग्यकार्तातर्फ गइरहेको एक कोच बस राजमार्गको इन्टरचेन्ज नजिकै अवरोधमा ठोक्किएर पल्टिँदा यो दुर्घटना भएको हो । स्थानीय खोज तथा उद्धार एजेन्सीका प्रमुख बुडियोनोका अनुसार उक्त बस निकै उच्च गतिमा यात्रारत अवस्थामा मोडमा पुगेको थियो । मोड पार गर्ने क्रममा बस सडकको अवरोधसँग ठोक्किएपछि अनियन्त्रित भई पल्टिएको उनले विज्ञप्तिमार्फत बताए । "हामीले घटनास्थलबाट ३४ जनालाई सुरक्षित रूपमा बाहिर निकाल्न सफल भएका छौँ", बुडियोनोले जानकारी दिए । उनका अनुसार १५ जनालाई घटनास्थलमै मृत घोषित गरिएको थियो भने गम्भीर घाइते एक जनाको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको हो । दुर्घटनामा परेका धेरै घाइतेलाई उपचारका लागि सेमरङ सहरका विभिन्न अस्पतालमा लगिएको उनले बताए ।

# तानसेनमा फष्टाउँदै 'होमस्टे व्यवसाय'

## पर्यटकलाई लोभ्याउन घरबास सञ्चालकलाई तालिम

कृष्ण पोखरेल

**पाल्पा,** पुस ७/पछिल्लो समय तानसेनमा होमस्टे व्यवसाय (घरवास) फस्टाउँदै गएको छ । जाडो मौसममा प्रशस्त घाम लाग्ने, गर्मी मौसममा हिमालको चिसो हावाले शित्तल बनाउने उपयुक्त मौसम, सबै स्थानमा यातायातको सुविधा, पर्यटकहरुलाई घुमाउने, देखाउने प्रशस्त सौन्दर्य स्थानहरु रहेकोले यहाँको होमस्टे व्यवसाय फष्टाउँदै गएको हो ।

यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकहरुको रोजाईमा यहाँका होमस्टे पर्ने गरेका छन् । प्राकृतिक रुपमै सुन्दर, ऐतिहासिक, पुरातात्विक, धार्मिक तथा सास्कृतिक नगरको रुपमा पहिचान बनाएको तानसेन नगरपालिकाले समेत यहाँका १४ वटै वडामा होमस्टे कार्यक्रम सञ्चालनको लागि प्रोत्साहन समेत गर्दै आएको छ । पर्यटन व्यवसाय नै तानसेन विकासको मेरुदण्ड रहेको भन्दै नगर सरकारले यसको विकास र विस्तारमा विशेष




प्राथमिकता दिएर काम गरेको छ । उसले आवश्यक पर्यटकीय पुर्वाधार निर्माण देखी, सरोकारवालसँग समन्वय गरेर काम गर्न थालेपछि तानसेनका पर्यटन व्यवसायीहरु समेत उत्साहित भएका छन् । नगरपालिकाले यहाँ पर्यटकहरुलाई थप लोभ्याउन घरबास सञ्चालकहरुलाई घरबास सञ्चालन सम्बन्धी तालिम प्रदान गरेको छ । उसले नेपाल पर्यटन बोर्ड र दिगो पर्यटन परियोजना काठमाडौंको सहकार्य र तानसेन होमस्टे समितिको समन्वयमा होमस्टे घरवास व्यवस्थापन क्षमता अभिवृद्धि रैथाने शिक्षा तथा आतिथ्यता सम्वन्धी ७ दिने तालिम शुरु गरेको हो । घरबासका लागि आउने आन्तरिक तथा बाह्य पर्यटकलाई स्वागत सत्कारसँगै स्थानीय उत्पादनका परिकार बनाएर खुवाउन सिकाउने उद्देश्यले घरबासका सञ्चालकलाई सातदिने तालिम सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ । स्थानीय उत्पादनका पनि मीठा-मीठा परिकार बनाएर पाहुनालाई सेवा गर्न सकिन भए पनि तालिमको अभावमा समस्या हुँदै आएकोमा नगरपालिकाले घरबासमा आउने पर्यटकको मन कसरी लोभ्याउने भन्ने जानकारी दिने गरी तालिम सञ्चालन गरेको हो । तालिममा तानसेनमा सञ्चालन भएका विभिन्न होमस्टेबाट २५ जना होमस्टे व्यबसायीहरुको सहभागिता रहेको छ । होमस्टे तालिममा प्रशिक्षणक धिरेन राकेश मगर, चिरन ढुङ्गाना र हरि गिरीले सहजीकरण गरिरहेका छन् । *-बाँकी अन्तिम पेजमा...*

## वर्कसप सेन्टरमा आगलागी



**गुल्मी,** पुस ७/जिल्लाको सदरमुकाम तम्घासको एक अटो वर्कसपमा आगलागी भएको छ । रेसङ्गा नगपालिका-८ स्थित बसपार्क पेट्रोल पम्पनजिकै रहेको सुजता अटो वकर्सप एण्ड पार्टस सेन्टरमा एक्कासि आगलागी भएको हो ।

सोमबार दिउँसो आगलागी भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यो वर्कसप सेन्टर बिक्रम सुनारले संचालन गर्दै आएका थिए । रेसुंङ्गा नगरपालिकाको दमकलले आगो निभाइएको हो । आगो निभाइए पनि ५०/६० लाख बराबरको क्षति भएको अनुमान गरिएको छ । आगो निभाउने क्रममा एक जना सामान्य घाइते भएका छन् । घाइतेलाई उपचारका लागि अस्पताल पुऱ्याइएको छ । विद्युत् सर्ट भएर आगलागी भएको हुनसक्ने प्रहरीको प्रारम्भिक अनुमान रहेको छ ।

## कागती बिक्री नभएपछि रस र चुक बनाइँदै

**वालिङ (स्याङ्जा),** पुस ७/यहाँ उत्पादित कागती बिक्री नभएपछि किसानले विकल्पको खोजी गरेका छन् । स्याङ्जाको वालिङ नगरपालिकाका विभिन्न ठाउँमा व्यावसायिक रूपमा उत्पादन भएको कागतीको दानाले बजार नपाएपछि विकल्पका रूपमा कागती पेलेर रस तथा चुक नै बिक्री गर्ने अवस्थामा किसानहरू पुगेका हुन् ।

जाडो मौसममा कागती दानाको माग कम हुँदा बजारमा खपत हुन नसकेकाले बिग्रिन नदिनका लागि चुक बनाइएको वालिङ-१४ स्थित न्यौपाने नर्सरी कृषि तथा पशुपालन फार्मका सञ्चालक प्रकाश न्यौपानेले बताए । व्यावसायिक रूपमा कागतीखेती गरेका न्यौपानेले झण्डै छ क्विन्टल कागतीको दाना बिक्री गरे । जाडो लागेसँगै बिक्री नभएको चार क्विन्टल कागतीबाट रस तथा चुक बनाएका हुन । "कागतीको दाना बोटबाट दैनिक झर्न थाले, यता बजारमा खपत भएन", उनले भने, "दाना कुहाएर फाल्नुभन्दा विकल्पका रूपमा लामो समयसम्म रहने भएकाले चुक र केही समयसम्म रहने भएकाले रसको रूपमा परिणत गरी बिक्री गर्न थालेको छु ।" कागतीको चुकको बजार माग राम्रो रहेकाले पनि वैकल्पिक विधि अपनाइएको



हो । चुक प्रतिलिटर एक हजार ६०० का दरले बिक्री हुने गरेको छ । स्थानीय अगुवा किसान न्यौपानले जस्तै यस ठाउँमा रहेका अन्य किसानले पनि उत्पादन गरेका कृषिजन्य वस्तुले बजार नपाएपछि वैकल्पिक विधि अपनाएका छन् । वालिङ-१४ र भिरकोट नगरपालिका-९ का व्यावसायिक किसानले उत्पादन गरेको सागसब्जी, फलफूलगायत सामग्रीको आगामी दिनमा सहकारीमार्फत सामूहिक रूपमा बजारीकरण गर्ने तयारीमा स्थानीय रहेका छन् । मौसमी तथा बेमौसमी जातका सागसब्जी, सुन्तला, कागती, च्याउ, मह, अकबरे खुर्सानी, अदुवाको व्यावसायिक उत्पादन गर्दै आएका यहाँका किसानले उत्पादन गरेको कृषिजन्य वस्तुले सहजै बजार नपाएपछि सहकारीमार्फत बजारीकरण गर्ने तयारीमा छन् । भौगोलिक र यातायातका दृष्टिले विकटमा रहेकाले पनि बजारीकरणमा समस्या भएको हो । वालिङ-१४ अमलडाँडाका व्यावसायिक कागतीखेती गर्ने किसान यामप्रसाद पौडेलले साउनदेखि यता झण्डै आठ टन कागतीको दाना बिक्री गरेको बताए । जाडो लागेसँगै कागती बिक्री हुन छाडेपछि एक टन जतिको पेलेर रस बनाएका छन् । उनीसित अहिले पेलेको रस झण्डै पाँच सय लिटर छ । "गर्मीयाममा जस्तो जाडोमा कागतीका दाना बिक्री हुँदैन", उनले भने, "थोरै थोरै बिक्री हुन्छ, बाँकी रहेका कागतीलाई पेलेर रस निकाल्छु र त्यसलाई प्रशोधन गरेर लामो समयसम्म प्रयोग गर्न सकिन्छ ।" बजारमा रस पनि खपत हुने गरेको छ । अहिले कागतीको माग पनि कम र बजार मूल्य कम पर्ने भएकाले भण्डारण गर्न सक्ने व्यवस्था हुने हो भने गर्मी लागेसँगै राम्रो मूल्य पर्ने उनको भनाइ छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## बढ्दो चिसोबाट बचौं

देशभर चिसो बढेको छ । पुसको दोस्रो हप्ता आइपुग्दा चिसो अत्याधिक रुपमा बढ्दै गएको छ । अझ बढी तराई क्षेत्रमा चियो बढेको छ । शितलहर समेत तराईमा देखिन थालेको छ । चिसो मौसममा स्वास्थ्यको विशेष ख्याल राख्नुपर्छ । चिसो मौसमसँगै मौसमी फ्लू, रुघाखोकी, निमोनिया जस्ता समस्याहरुले बढी नै सताउने गर्छ । त्यसमाथि बालबालिका, वृद्ध तथा गर्भवती र रोगप्रतिरोधात्मक क्षमता कम भएका मानिसलाई जाडोको यो समयमा धेरै रोग लाग्ने गर्छ । जाडो याम सुरु भएलगत्तै धेरै रोगले सताउने भएकाले उनीहरुका लागि जाडो शत्रुबराबर हुन्छ । चिकित्सकले अधिक चिसोबाट स्ट्रोकदेखि ज्वरो, श्वासप्रश्वास, घाँटीको समस्याले सताउने भएकाले जाडोमा शरीरलाई न्यानो राख्न आग्रह गर्दै आएका छन् । जाडोमा खासगरी हातखुट्टा, अनुहार, छाला फुट्ने, फुस्रो हुने हुन्छ । यसबाट बच्न कोल्ड क्रिमको प्रयोग गर्न सकिन्छ । जाडो मौसम सुक्खा हुने भएकाले बाहिर धुलो उड्ने र जीवाणुको प्रसारण पनि छिटो हुन्छ । यस्तो अवस्थामा खानपान र रहनसहनमा समेत उत्तिकै ध्यान दिनुपर्ने हुन्छ ।

झोल पदार्थ खानेकुराका साथै हरियो सागपात खाँदा चिसोमा रोगले आक्रमण गर्ने सम्भावना कम हुने भएकाले यसतर्फ सबैले ध्यान दिनुपर्दछ । चिसोबाट बच्न न्यानो कपडा लगाउनुपर्छ । घाम ताप्दा पनि धेरै रोगबाट बच्न सकिन्छ । भिटामिन डिको कमी हुन नदिन घाम ताप्नु अनिवार्य नै रहेको चिकित्सक बताउँछन् । चिसो मौसममा फ्रिजमा राखेका खानेकुरा खान हुँदैन । चिसो मौसममा रुघाखोकी, निमोनिया जस्ता समस्या देखापर्न सक्छ । जाडोमा सकेसम्म तातो कुरा खाने, सुप पिउने गर्नुपर्छ । यसले शरीरको तापक्रम सन्तुलनमा राख्छ र रोग लाग्नबाट बचाउन्छ । त्यसैले रोग लाग्नु भन्दा रोग लाग्नै नदिनका लागि चिसोबाट बच्नुनै उत्तम उपाय हो । यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।

### Opinion @ Socia Network

कुभलो चिताउने को पनि भलो होस् भगवान
ढुंगाले हान्ने लाई पनि फुल फर्काउन संकार बाउआमाले दिएका छन।
*(संगम घिमीरेको **फेसबुक स्टाटसबाट** www.facebook.com/Sangam.111)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा ग्रामीण विकास



**गम्भीरबहादुर हाडा**

विश्वव्यापी सन्दर्भमा ग्रामीण क्षेत्र एउटा सर्वव्यापी र सार्वभौम अंगका रूपमा रहेको छ । संसारको जुनसुकै ठाउँमा पनि ग्रामीण क्षेत्रको अस्तित्व रहेको छ । सरल, सामूहिक वातावरण, परम्परागत मूल्य मान्यताबाट प्रभावित संस्कृति, प्रविधि रहनसहन, आपसी भाइचाराका सम्बन्ध आदि विशेषताका कारणले ग्रामीण समुदाय शहरभन्दा भिन्न हुन्छ । छलकपट, स्वार्थ, नाफामुखी प्रवृत्ति असहयोगीपन, पैसामुखी प्रवृत्तिजस्ता शहरी विशेषताबाट गाउँ अलग रहेको हुन्छ । विश्वव्यापी सन्दर्भमा ग्रामीण क्षेत्रलाई विश्लेषण गर्नुपर्दा यो सामाजिक र सांस्कृतिक हिसाबबाट परम्परावादी, आर्थिकरूपमा विपन्न, राजनैतिक रूपबाट पहुँच नभएको, अशिक्षा, कमजोर स्वास्थ्य, भोकमरी, अन्धविश्वास, रुढिवादी परम्परामा आधारित, भौतिक पूर्वाधारको विकास नभएको विकासका दृष्टिकोणबाट पछाडि परेको क्षेत्र हो । विश्वका दुई तिहाइ मानिसहरू ग्रामीण क्षेत्रमा बसोवास गर्छन् । उनीहरूको मुख्य पेशा कृषि हो । विकासका दृष्टिकोणबाट विश्वका सबै शहरी क्षेत्रलाई खाद्यान्न उपलब्ध गराउने काम ग्रामीण क्षेत्रले गरिरहेको छ । शहरका उद्योगधन्दाबाट बन्ने तयारी मालसामानका लागि आवश्यक कच्चा पदार्थ पनि ग्रामीण क्षेत्रले नै आपूर्ति गर्छ । त्यसैले गाउँको विकासविना विश्व विकास हुन सक्दैन । ग्रामीण विकास भन्नाले आधुनिक धारणामा आधारित ग्रामीण विकासका प्रयासहरू हुन् भन्ने बुझिन्छ ।

आर्थिक उन्नति तथा भौतिक उपलब्धिलाई मात्र धेरै मानिसले विकास भन्ठानेका छन् । तर विकास भन्नासाथै यसले मानिसमा इच्छित दिशातिर लम्किने बाटोमा रहेका बाधाहरूलाई हटाएर सोचाइ कार्य र उत्पादनमा भएको परिवर्तनलाई पनि जनाउँछ । विकास गर्ने सिलसिलामा सबभन्दा पहिले मानिसको मनोवृत्तिलाई बाञ्छित दिशातिर डोऱ्याउने कार्य पर्न आउँछ । अनि पछिमात्र विकास कार्य सुरु हुन्छ । समुदायको क्रियाशील भाग र उत्साहद्वारा सबै समुदायको निमित्त असल जीवन बिताउने अवसर वृद्धि गर्ने आन्दोलनलाई पनि ग्रामीण विकास भनिन्छ । नेपालका ग्रामीण क्षेत्रमा जुन प्राचीन सामाजिक मान्यता, विश्वास र संस्थाहरू आर्थिक विकासको अवरोध खडा भएको छ त्यसलाई हटाउनु पर्दछ । सञ्चालन गरिएको थियो । ग्रामीण विकासको सूचकअन्तर्गत ग्रामीण विकास ग्रामीण पक्षसँग गहिरो सम्बन्ध राख्ने विषय हो । अर्थात् ग्रामीण जनजीवनको परिवर्तनको केन्द्रबिन्दु हो । आज विश्व यो समयको दौरानमा आइपुग्नुमा सम्पूर्ण हात ग्रामीण क्षेत्रको नै छ । यसबाट के स्पष्ट हुन्छ भने गाउँको विकास बेगर देश विकास 'पानीबिनाको माछा' सावित हुने देखिन्छ । जसरी घर बनाउँदा पिल्लरको आवश्यकता पर्दछ ठीक त्यसरी नै देशको पिल्लर (खम्बा) भनेको ग्रामीण विकास नै हो । अत: ग्रामीण विकास ग्रामीण क्षेत्रको सम्पूर्ण आधार हो । तलको प्रस्तुत चित्रले समग्र विकासको चित्रण उल्लेख गरेको छ । ग्रामीण विकास हुन् निम्न कुराहरूमा परिवर्तन हुन् आवश्यक रहेको बताउँछ भने अर्कोतर्फ यसका मापन गर्ने आधार र सूचकहरूको पनि इद्रित गरेको छ । जसले निम्न बुँदामा भएका विविध तत्वहरूबाट ग्रामीण विकास भएको छ छैन भनेर व्याख्या गर्ने गर्दछ । जसमा परिवर्तन र वृद्धि भएमा ग्रामीण विकास भएको ठहर्दछ, अन्यथा विकासको अवस्था हुँदैन । नेपालको संविधान २०७२ ले रोजगारी र श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । रोजगारीको हकसम्बन्धी ऐन, २०७५ ले प्रत्येक स्थानीय तहमा रोजगार सेवाकेन्द्रको स्थापना गरी बेरोजगारहरूको पहिचान । सूचीकरण गर्ने र रोजगार सेवा केन्द्रहरूमा सूचीकृत भएका बेरोजगार व्याक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूतिको व्यवस्था गरेको छ । सरकारले क्षेत्रगत रूपमा राष्ट्रिय रोजगार नीति, २०७१ र वैदेशिक रोजगार नीति, २०६८, कार्यन्वयनमा ल्याएको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय श्रम संगठन अभिसन्धिमार्फत सुरक्षित रोजगारीको प्रतिबद्धता व्यक्त गेको छ । यसका लागि आन्तरिक रोजगारीको प्रवद्धन, बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य र उत्पादत्व अभिवृद्धि गर्ने रणनीति अनुरूप विभिन्न कार्यक्रम सञ्चालनमा रहेका छन् । गाउँबाट शहर रूपान्तरणको क्रम बढेसँगै जनसंख्याको भौगोलिक संरचनामा पनि परिवर्तन भएको छ । करिब १७.० प्रतिशत भूभाग ओगटेको तराई मधेसमा ५३.७ प्रतिशत जनसंख्या रहेको छ भने पहाडी तथा हिमाली क्षेत्रमा ४६.३ प्रतिशत जनसंख्या छ । खुम्चिदो ग्रामीण जनसंख्या र बढ्दै गएको शहरी जनसंख्याका कारण पहाड तथा हिमालमा पूर्वाधार निर्माण तथा सेवासुविधामा प्रतिव्यक्ति लागत बढ्दै गएको छ । जनघनत्व अधिक रहेका तराई मधेसमा ठूला पूर्वाधार निर्माणमा लगानी बढाउनु पर्नेछ । जलविद्युत् क्षेत्रमा लिइएको नीतिगत व्यवस्थाका कारण ऊर्जाको क्षेत्रमा मुलुक आत्मनिर्भर उन्मूख हुँदै गएको छ । विद्युत् उत्पादनमा वृद्धि भई विद्युत्को पहुँच पुगेको जनसंख्या पनि बढेको छ । नेपालमा शहर गाउँ बसाइँसराइको प्रक्रियाको कारणले गर्दा उत्पन्न हुने समस्यालाई हटाउन निम्न उपायहरू अपनाउन आवश्यक छ : जनसंख्या वृद्धि नियन्त्रण गर्ने उपाय अबलम्बन गर्ने तथा पहाड र तराईमा विभिन्न प्रभावकारी कार्यक्रम सञ्चालन गरी शहरमा बसाइँ जाने क्रम रोक्नु आवश्यक छ भने शहरी बस्तीलाई व्यवस्थित गर्नुपर्दछ । पहाडबाट तराईतिर बसाइँ सर्ने क्रमलाई रोक्न नेपाल सरकारले आृनो लगानी नीतिमा पनि परिवर्तन गर्नुपर्छ । छिमेकी मुलुकबाट भएको बसाइँ सराईलाई रोक्न प्रभावकारी कदम चालिनुपर्छ । ग्रामीण विकासलाई बढी प्राथमिकता दिइनुपर्छ । शहरीकरणको प्रक्रिया अघि बढाउन अल्पकालीन तथा दीर्घकालीन योजनाहरूको तर्जुमा गरेर कार्यान्वयन गराउनुपर्छ । समुचित विकास गतिविधि र उपयुक्त जनसंख्या नीतिले बसाइँ सराइ घटाउन मद्दत पुऱ्याउँछ । तराईमा नियन्त्रित पुनर्वास कार्यक्रम अपनाउनुका साथै पहाडतिर बढी लगानी गर्ने प्रक्रिया अपनाउनुपर्छ । शहरी क्षेत्रहरूमा बसाइँसराइ तथा जनसंख्या बढ्दै जानुको कारण हिमाली अर्थव्यवस्था विकास हुन नसकिने भएको हुनाले यसको विकास गर्ने उपायहरू पत्ता लगाउनु आवश्यक छ । विदेश गएका मानिसहरूलाई बसाइँ सरिने देशहरूले त्यहाँको श्रम बजारमा समान मौका प्रदान गर्नुपर्दछ र त्यहाँको सामाजिक र कल्याण सेवाहरू पनि उनीहरूले समान रूपबाट प्रयोग गर्न पाउनुपर्छ । वनजंगलको रक्षा तथा सम्बर्द्धन गर्न वन पैदावारमा आधारित उद्योगहरूलाई प्रोत्साहित गर्नुपर्छ । साथै राष्ट्रिय आपूर्तिका लागि तराईका जंगलहरू अरू वैज्ञानिक व्यवस्था गर्नुपर्छ । पहाडबाट तराईतिर बसाइँ सर्नेहरूको कामलाई रोक्न नेपाल सरकारले आफ्नो लगानी नीतिमा पनि परिवर्तन गर्नुपर्छ । परिवार नियोजन कार्यक्रमलाई व्यापक र प्रभावकारी बनाउनुपर्छ । ढिलो विवाह गर्नु राम्रो हो भन्ने भावना जगाउनुपर्दछ । छिमेकी मुलुकबाट भएको बसाइँसराइ रोक्न प्रभावकारी कदम चालिनुपर्छ । यसका लागि हाल लागू गरिएको वर्कपरमिटलाई अझ व्यापक र प्रभावकारी बनाउनुपर्दछ । स्मार्ट सिटी र इको भिलेज अनुरूपका पूर्वाधार निर्माण गर्न अध्ययन गरिनुका साथै जोखिमयुक्त र छरिएका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी सुविधायुक्त एकीकृत बस्तीमा विकास गरिने नीति लिइएको छ । बस्तीको मौलिक स्वरूप र स्थानीय वास्तुकलाको प्रवर्द्धन गरिने र देशभरका ५० बस्तीहरूको संरक्षण र पूर्वाधार सुधारका लागि बजेटको व्यवस्था गरिएको छ । निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थित शहर विकास गरिनुका साथै काठमाडौं उपत्यकाको ईशान, आग्नेय, तारकेश्वर र डुकुछापमा जग्गा विकास आयोजना सञ्चालन गरिने नीति लिइएको छ । मानव विकास प्रतिवेदनमा समग्र मानव विकासका तीनवटा आधारभूत आयामहरूको औषत उपलब्धि मापन गर्ने गरिन्छ । ती आयामहरूमा पहिलो आयु अर्थात् एउटा बच्चा कति लामो उमेरसम्म सरदर बाँच्छ भनेर हेरिन्छ । यसमा नेपालीको औषत आयु ७० वर्ष ४ महिना रहेको छ । यो अघिल्लो वर्षको भन्दा न्यून हो । अघिल्लो वर्ष ७० वर्ष ५ महिना थियो । दोस्रोमा शिक्षा (ज्ञान) रहेको छ । यसमा भर्ना भएदेखि विद्यालय शिक्षा पूरा गर्न एउटा बच्चाले बिताउनुपर्ने वर्षलाई लिइन्छ । नेपालमा विद्यालय शिक्षा पूरा गर्न १३ वर्ष ८ महिना लाग्ने अनुमान छ । अघिल्लो वर्ष १२ वर्ष ६ महिना थियो । त्यस्तै, शिक्षामा नै वयष्कहरूले विद्यालय शिक्षामा बिताएको समयलाई पनि अर्को मापकको रूपमा राखिएको छ । यसमा नेपालीले विद्यालय शिक्षामा औषत बिताएको अवधि ४ वर्ष ५ महिना छ । अघिल्लो वर्ष पनि यही अवधि थियो । शिक्षा क्षेत्रमा सबै तहको लगानी वृद्धि गर्ने, दिवा खाजा, छात्रवृत्तिलगायत विद्यार्थी सहुलियत कार्यक्रमलाई एकीकृत प्रणालीबमोजिम कार्यान्वयन गर्ने, उच्च शिक्षामा लागत साझेदारीको नीति अवलम्बन गर्दै शिक्षामा निजी क्षेत्र र विकास साझेदार तथा गैरआवासीय नेपालीको स्रोत समेत परिचालन गर्ने, उच्च शिक्षालाई विशिष्टिकृत बनाउँदै अनुसन्धान केन्द्रित बनाउने, योजनाको अन्त्यसम्ममा कुल बजेटको २ प्रतिशत बजेट अनुसन्धान तथा विकासमा लगाउने, उच्च शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरी दूर सिकाइलाई प्राथमिकतामा राखेर दुर्गम र विदेशका विद्यार्थीलाई समेत अध्ययन गर्न सकिने गरी प्रणालीको विकास गर्ने, अटिजमलगायत सबै प्रकारका अपांगता भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्ने र उद्यमशीलता विकास गर्ने लक्ष्य राखेको छ । गरिबीसम्बन्धी कार्यका लागि स्थापित संस्था र निकायलाई जिम्मेवारीमूलक ढंगबाट आफ्नो आफ्नो क्षेत्रमा अग्रसर गराउन क्षमता विकासको पक्षमा पनि ध्यान दिनुपर्ने देखिन्छ । कर्मचारीतन्त्रलाई गुण र दोषको आधारमा निस्पक्षतापूर्वक परिचालन गरिनु नितान्त आवश्यक छ । यसको साथै निर्माण कार्यहरू सम्पन्न गर्दा गथासम्भव बढी श्रममूलक प्रविधि अपनाउन प्रश्रय दिनु उचित हुनेछ । सरकारले सम्पत्तिको न्यायिक वितरणको नीति ल्याउन ध्यान दिनै पर्छ । यस प्रसंगमा उपयुक्त प्रगतिशील कर नीति तथा प्रभावमूलक भूमिसुधार कार्यक्रमलाई प्रभावकारी ढंगबाट लागू गराउन दृढ रहनुपर्दछ । पेन्सन, वृद्धभत्ता, बेरोजगारी भत्ता, नि:शुल्क स्वास्थ्य तथा शिक्षा सुविधा, उपभोग्य तथा आवश्यकता वस्तुको पिउने पानी र विद्युत् सुविधा जस्ता उपायहरूका आधारमा विपन्न समुहका मानिसहरूको आर्थिक हितमा अभिवृद्धि ल्याउन सकिन्छ । भूमिहीन ग्रामीण किसानहरूलाई भूमि उपलब्ध गराउनुका साथै ग्रामीण तथा शहरी क्षेत्रका विपन्न वर्गका मानिसलाई शिक्षा, तालिम प्राविधिक ज्ञान र सीप पोषण, स्वास्थ्य सुविधा जस्ता मानवीय संशाधन विकासका आधार उपलब्ध गराउनुपर्दछ ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : मनमा रहेका शंका मेटिनेछन्। पायक स्थानमा भ्रमणका योग छन्।
**वृष** : काम गर्दा दोमन हुन सक्छ। कुनै पनि काम नआत्तिई धैर्यपूर्वक गर्नुहोस्।
**मिथुन** : व्यक्तिगत काममा सफलता मिल्नेछ। व्यवसायमा लाभ रहनेछ।
**कर्कट** : नयाँ कार्य सम्पन्न गर्नमा श्रम धेर लाग्नेछ। काम गर्ने जाँगरको कमी रहनेछ।
**सिंह** : समय अनुसार सबै कुरा मिल्दै जानेछ। मनमा धैर्यताको कमी रहनेछ।
**कन्या** : पारिवारिक जिम्मेवारीले व्यस्तता बढाउनेछ। नियमको पालना गर्नुहोस्।
**तुला** : सामाजिक कुरामा ध्यान दिदै अघि बढ्नुहोस् सफलता मिल्नेछ।
**वृश्चिक** : टाढिएका आफन्तहरूसँग भेटघाटले मन उत्साहित रहनेछ।
**धनु** : कुनै कुराले मनमा खुसी दिलाउला। व्यक्तित्वलाई निखार्ने समय रहेको छ।
**मकर** : स्वास्थ्यले भनेजस्तो साथ नदेला। मनमा उत्साह र उमंगको कमी रहनेछ।
**कुम्भ** : पेशामा नयाँ जिम्मेवारी बहन गर्नुपर्ला। व्यापार व्यवसायमा लाभ रहनेछ।
**मीन** : आर्थिक पक्ष सबल रहनेछ। आफन्त र मित्रवर्गहरुको साथ पाइनेछ।

## विज्ञान/सूचना प्रविधि


# के फेसबुकले नेपालमा मनिटाइजेसन हटाएको हो ?



नेपालका फेसबुक प्रयोगकर्ताहरुबीच एउटा ठूलै तरंग सिर्जना भयो । गत सेप्टेम्बर महिनादेखि आफ्नो फेसबुक अकाउन्टलाई मनिटाइज गरेर पैसा कमाउने सुविधा प्राप्त गरेका नेपाली फेसबुक प्रयोगकर्ताहरूले बुधबार फेसबुकको ड्यासबोर्डमा एउटा सन्देश प्राप्त गरे । आफ्नो फेसबुक अकाउन्ट मनिटाइज भई अपलोड गर्ने कन्टेन्टहरू लगायतबाट पैसा आर्जन गरिरहेकाहरूको मनिटाइजेसन खण्डमा सरकारको अनुरोध वा स्थानीय कानुनी प्रावधानका कारण केही मनिटाइजेसन टुल निष्क्रिय तथा सीमित पारिएको उल्लेख थियो । यो सूचनासँगै धेरै प्रयोगकर्ताले फेसबुकको मातृ कम्पनी मेटाले नेपालमा ३ महिनामै मनिटाइजेसन बन्द गरेको अड्कल काटे । तथापि यसको वास्तविकता भने फरक देखिएको छ । फेसबुकको कन्टेन्ट मनिटाइजेसनका लागि योग्य देशहरूको सूचीमा नेपालको नाम अझै पनि यथावत रहेको हुनाले फेसबुकले नेपाली प्रयोगकर्ताका लागि मनिटाइजेसनको सुविधा नहटाएको प्रष्ट हुन्छ । वास्तवमा फेसबुकमा मनिटाइजेसका लागि विभिन्न टुलहरू रहेका छन् । व्यावसायिक बाहेकका आम सामान्य प्रयोगकर्ताहरूले फेसबुकमा राखिने भिडियो सामग्रीबाट आउने विज्ञापन अर्थात् क्ष्ल-क्तचभक ब्मक बापत, फ्यानले पठाउने भर्चुअल स्टारबापत, फ्यानले गर्ने अकाउन्ट सब्सक्रिप्सन अर्थात् Fan Subscriptions बापत तथा हामीले फेसबुकमा राख्ने विभिन्न सामग्रीहरू अरूले हेरेको, प्रतिक्रिया दिएको वा मन पराएको अर्थात् इन्गेजमेन्टको आधारमा पर्फमेन्स आधारित भुक्तानी Performance Bonuses गरी चार प्रकारले पैसा कमाउन सक्दछन् । नेपाली प्रयोगकर्ताका लागि यसअघि यी चारवटै मनिटाइजेसन टुल मेटाले उपलब्ध गराएको भए पनि हाल यीमध्ये धेरैका लागि फ्यान सब्सक्रिप्सन टुललाई निष्क्रिय बनाएको देखिएको छ । विज्ञहरूका अनुसार नेपालबाट फेसबुक अकाउन्ट सब्सक्रिप्सनबापत गर्नुपर्ने अन्तर्राष्ट्रिय भुक्तानीको असहज हुनुका साथै त्यसलाई सरकारले पनि वैधता नदिएको हुनाले फेसबुकले उक्त फिचरलाई निष्क्रिय बनाएको हुनसक्छ । वास्तवमा यो टुल हालसम्म नेपाली फेसबुक प्रयोगकर्तामाझ खासै उपयोगमा पनि रहेको छैन । यस बाहेक अन्य तीनवटा मनिटाइजेसन टुल भने सक्रिय नै रहेको हुँदा नेपाली प्रयोगकर्ताले फेसबुक मनिटाइजेसनबाट रकम आर्जन निरन्तर रुपमा गर्नसकने देखिन्छ । तथापि नेपालको कर नीति, अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीको असहजता तथा मेटाले नेपालमा सम्पर्क कार्यालय नराखेको जस्ता कारणले गर्दा प्रयोगकर्ताहरूले अन्य टुलबाट भइरहेको मनिटाइजेसनमा पनि बेलाबेलामा समस्या भोग्नु परिरहेको गुनासो आउने गरेको छ । फेसबुकले प्रयोगकर्तालाई सरकारको अनुरोध वा स्थानीय कानुनी प्रावधानका कारण मनिटाइजेसका केही टुल निष्क्रिय पारेको बताएको भए पनि यस विषयमा नेपाल सरकारले कुनै प्रतिक्रिया दिएको छैन । साथै नेपालमा कुन टुल किन बन्द गरिएको हो भन्ने बारेमा उसले यकिन बताएको पनि छैन ।

*-अनलाइन खबर डटकम*


# अपाङ्गता भएका व्यक्तिका सारथी एआई र डिजिटल प्रविधि




चीनको १२औँ राष्ट्रिय अपाङ्गता खेलकुद प्रतियोगिता र नवौँ राष्ट्रिय विशेष ओलम्पिक खेलकुद प्रतियोगितामा प्रविधिले अपाङ्गता भएका खेलाडी र सहभागीहरूका लागि अभूतपूर्व सहयोग पुर्याइरहेको छ । यी प्रतियोगिता हाल गुआङ्डोङ, हङकङ र माकाओमा आयोजना भइरहेका छन् । कुल सात हजार आठ २४ खेलाडीहरू ३४ टिमबाट सहभागी भएका छन् । मुख्य प्रतिस्पर्धा मङ्गलबारबाट शुरू भएको हो, र यो पहिलो पटक हो कि यी दुई प्रतियोगिता गुआङ्डोङ-हङकङ-माकाओ ग्रेटर बे क्षेत्रका तीनै क्षेत्रमा संयुक्त रूपमा आयोजना भएका हुन् । आयोजक समितिका अनुसार, प्रतियोगिताको सबैभन्दा महत्वपूर्ण विशेषता प्रविधिको व्यापक प्रयोग हो । विभिन्न स्थलहरूमा इन्टरनेट अफ थिङ्स, कृत्रिम बुद्धिमत्ता (एआई) र डिजिटल ट्विन्स जस्ता अत्याधुनिक प्रविधिहरूको प्रयोग गरी पहुँचयोग्य र सहयोगी वातावरण निर्माण गरिएको छ । बेइजिङका स्वयंसेवक गोङ्ग वेईले एक वर्षदेखि दूरसञ्चार मार्फत साङ्केतिक भाषामा अनुवाद प्रदान गर्दै आएका छन् । प्रतियोगिता शुरू भएयता यस सेवामा माग उल्लेखनीय रूपमा बढेको छ । वीच्याटमार्फत प्रयोगकर्ताहरू केही सेकेन्डमै स्वयंसेवकसँग भिडियो कल गर्न सक्छन्, जसले भौगोलिक दूरी मात्र होइन, मनोवैज्ञानिक दूरी पनि घटाउने काम गर्छ । कार्यक्रमका विकासकर्ता शि चेङ्गचुआन, जो आँफै सुनाइमा अपाङ्गता भएका व्यक्ति हुन्, ले साङ्केतिक भाषा अनुवाद सूटवेयर र उपकरणहरू विकास गरेका छन्, जुन सरकारी कार्यालय, अस्पताल र विद्यालयहरूमा पनि प्रयोग भइरहेका छन् । गुआङ्जौका खेलकुद अधिकारी झेङ चिहाओका अनुसार, विभिन्न स्थलमा स्मार्ट र बाधारहित मोड्युलहरू जडान गरिएको छ । यसमा आपतकालीन सहायता बटन, पहुँचयोग्य प्रश्न प्लेटफर्म, स्मार्ट सेवा स्तम्भ र अनलाइन साङ्केतिक भाषा अनुवाद यन्त्रहरू समावेश छन्, जसले स्थलको केन्द्रीय नियन्त्रण प्रणालीसँग जडान भएर प्रयोगकर्ताको सुरक्षा र सुविधा सुनिश्चित गरेको छ । मुख्य मिडिया सेन्टरमा आयोजना गरिएको प्रविधि प्रदर्शनीमा एआई-समर्थित पहुँचयोग्य प्रणाली, रोबोट र उन्नत व्हीलचेयरहरू प्रदर्शन गरिएको थियो, जसले दर्शकहरूको ठूलो चासो आकर्षित गरेको थियो । निर्माता ल्यु यीङ्आनका अनुसार, यी उपकरणहरूले उन्नत सन्तुलन नियन्त्रण एल्गोरिदम र भरपर्दो यान्त्रिक संरचनाका माध्यमबाट विभिन्न सतहमा स्थिरता र सुरक्षा सुनिश्चित गर्छन् । नयाँ परिचय गराइएको इलेक्ट्रोनिक डार्टबोर्डले व्हीलचेयर प्रयोगकर्ताको सुविधा सुनिश्चित गर्न स्वत: उचाइ समायोजनको सुविधा दिएको छ । सानक्सी प्रान्तको अपाङ्गता डार्ट टोलीका प्रशिक्षक लुओ बाओगाङ्ले भने, "डार्टबोर्डको स्वत: उचाइ समायोजनले यसलाई पारम्परिक मोडेलभन्दा धेरै सुरक्षित र भरपर्दो बनाएको छ, जसले खेलाडीहरूलाई बढी सहजता प्रदान गर्छ ।" प्रतिस्पर्धा स्थल बाहेक, गाइड डग रोबोटहरूले दृष्टिहीन खेलाडीहरूलाई सहयोग गर्दै छन् भने डिजिटल ट्विन प्रविधिले स्थल सञ्चालनको वास्तविक समय निगरानी सम्भव बनाएको छ। यी आधुनिक उपकरणहरूले प्रयोगशालाबाट वास्तविक संसारमा प्रविधि लागू गर्ने अवसर पाएका छन् । आयोजन समितिका उपमहासचिव चेन् स्युजुनले अनुसार यी खेलकुदहरूले अपाङ्गता सेवाहरूलाई सामाजिक विकाससँग सम्पूर्ण रूपमा एकीकृत गर्ने अवसर प्रदान गरेका छन् । उनका अनुसार,"हामी उच्च गुणस्तर र दीगो प्रगतिका लागि निरन्तर प्रयासरत छौँ, ताकि अपाङ्गता भएका व्यक्तिहरूले उज्जवल भविष्यको आशा गर्न सकून् ।"

*-हाम्रा कुरा डटकम*

# मोबाइल चार्ज गरेपछि प्लगमा चार्जर छोड्नुहुन्छ ?



मोबाइल फोनलाई चार्ज गरेपछि पनि चार्जरलाई सकेटमा जोडेर स्विच अन नै छोडिदिने बानी हामी धेरैको हुन्छ । हामीलाई सामान्यतया लाग्छ कि यसले कुनै हानि गर्दैन, तर यथार्थमा यो सानो लापर्बाहीले बिजुलीको बर्बादीदेखि सुरक्षा खतरासम्मका धेरै समस्याहरू निम्त्याउन सक्छ ।

**१. बिजुलीको खपत र खर्चमा असर**

चार्जर फोनसँग जोडिएको होस् या नहोस्, प्लगमा जोडिँदा यसले लगातार करेन्ट तानिरहेको हुन्छ । यो खपत मामूली लागे पनि महिनैपिच्छे बिजुलीको बिलमा यसले असर पार्छ। अर्थात्, प्रयोग नगरीकन पनि तपाईंको खल्तीमा बोझ बढ्छ ।

**२. तातोपन र आगलागीको खतरा**

चार्जर लामो समयसम्म प्लगमा जोडिएर रहँदा तात्न सक्छ । कहिलेकाहीँ यही 'ओभरहिटिङ' आगलागीजस्ता घटनाहरूको कारण पनि बन्न सक्छ । खासगरी पुराना वा सस्तो गुणस्तरका चार्जरहरू यस मामिलामा बढी जोखिमपूर्ण साबित हुन्छन् ।

**३. उपकरणको आयुमा प्रभाव**

लगातार बिजुलीमा जोडिरहँदा चार्जरको आयु पनि घट्छ । यसको आन्तरिक कम्पोनेन्टहरूमा दबाब पर्छ र बिस्तारै बिग्रन थाल्छन् । परिणाम स्वरूप, चार्जर छिट्टै काम नलाग्ने हुन्छ र तपाईंले नयाँ किन्नुपर्ने हुन्छ । प्रविधिको सही प्रयोग तभी हुन्छ जब हामी सावधानी अपनाउँछौं। चार्ज भइसकेपछि स्विच अफ गरेर चार्जरलाई प्लगबाट निकाल्नुले बिजुली बचत मात्र गर्दैन, घर र ग्याजेटहरूलाई पनि सुरक्षित राख्छ ।

*-रातोपाटी डटकम*

# अमेरिकाले किन बनाउँदैछ प्रविधि दस्ता ?

अमेरिकाको ट्रम्प प्रशासनले संघीय सरकारको प्रविधि क्षमता सुदृढ गर्ने उद्देश्यसहित 'यूएस टेक फोर्स' नामक महत्वाकांक्षी कार्यक्रम सुरु गरेको छ । राष्ट्रपति ट्रम्पले राष्ट्रिय एआई नीतिसम्बन्धी कार्यकारी आदेशमा हस्ताक्षर गरेसँगै उक्त प्रविधि दस्ता गठनको कार्य अघि बढाइएको हो । सरकारले अघि सारेको यस योजनाअन्तर्गत करिब एक हजारजना इन्जिनियर, डेटा वैज्ञानिक र प्रविधि विज्ञलाई दुई वर्षे करारमा विभिन्न सरकारी निकायमा खटाइनेछ । उनीहरुले कृत्रिम बुद्धिमत्ता (एआई), साइबर सुरक्षा, सफ्टवेयर विकास र सरकारी डेटा प्रणालीको आधुनिकीकरणमा काम गर्नेछन् । अमेरिकी प्रविधि दस्तामा छनोट भएका विज्ञहरूले सम्बन्धित सरकारी एजेन्सीका प्रमुखलाई प्रत्यक्ष रिपोर्ट गर्नेछन् । उनीहरूलाई निजी क्षेत्रका दिग्गज प्रविधि कम्पनीसँग सहकार्य गर्दै काम गर्ने अवसर पनि दिइनेछ । यस्तो अभ्यासले सरकारी परियोजना हरुमा निजी क्षेत्रको नवीन सोच र व्यवहारिक सीप भित्र्याउन मद्दत गर्ने विश्वास ट्रम्प प्रशासनको छ । उक्त कार्यक्रम अन्तर्गत अमेजन वेब सर्भिसेज, एप्पल, गुगल, माइक्रोसफ्ट, एनभिडिया, ओपनएआई, ओरेकल, पालान्टिर र सेल्सफोर्सजस्ता विश्वकै ठूला प्रविधि कम्पनीहरू सहभागी छन् । यी कम्पनीहरूले प्रविधि, तालिम र परामर्शमार्फत सरकारी परियोजनालाई सहयोग गर्नेछन्। केही कम्पनीहरूले आफ्ना कर्मचारीलाई अस्थायी रूपमा सरकारी सेवामा पठाउने तयारी पनि देखाएका छन् । टेक फोर्समा छनोट हुने विज्ञले वार्षिक करिब डेढ लाखदेखि २ लाख अमेरिकी डलरसम्म तलब पाउने अनुमान गरिएको छ । यसका अतिरिक्त तालिम, नेटवर्किङ र करियर विकासका अवसर पनि उपलब्ध हुनेछन् । दुई वर्षे कार्यकाल पूरा भएपछि सहभागीहरू निजी क्षेत्रका साझेदार कम्पनीहरूमा स्थायी रोजगारीका लागि आवेदन दिन सक्नेछन्, जहाँ उनीहरूलाई प्राथमिकता दिने प्रतिबद्धता जनाइएको छ ।

**किन आवश्यक ठानियो प्रविधि दस्ता ?**

पछिल्ला रिपोर्टहरुका अनुसार अमेरिकी संघीय प्रणालीमा प्रविधि जनशक्तिको कमी देखिँदै आएको छ । एआई र डिजिटल सेवाको तीव्र विकाससँगै सरकारी संरचना पछाडि परिरहेको अवस्थामा टेक फोर्सलाई छिटो समाधानको रूपमा अघि सारिएको हो । यस पहलमार्फत अमेरिकाले प्रविधि प्रतिस्पर्धामा चीनलाई चुनौती दिन र राष्ट्रिय सुरक्षासँग जोडिएका डिजिटल क्षमताहरू बलियो बनाउन चाहन्छ । यद्यपि उक्त कार्यक्रमको स्वागतसँगै केही आलोचना पनि भएका छन् । विज्ञहरूले निजी कम्पनीको प्रत्यक्ष संलग्नताले स्वार्थको द्वन्द उत्पन्न हुने जोखिम बढ्न सक्ने चेतावनी दिएका छन् । साथै दुई वर्षे करार प्रणालीले दीर्घकालीन संस्थागत क्षमता निर्माणमा खासै प्रभाव नपार्ने आशंका पनि गरिएको छ । यसअघि सरकारी डिजिटल सेवासँग सम्बन्धित केही संरचना कटौती गरिएकाले अहिलेको योजना अस्थायी समाधान मात्र हुनसक्ने चिन्ता व्यक्त गरिएको छ ।

**अन्तर्राष्ट्रिय र दीर्घकालीन प्रभाव**

अमेरिकी प्रविधि दस्ताले विश्वव्यापी प्रविधि प्रतिभा बजारमा पनि प्रभाव पार्ने अपेक्षा गरिएको छ । उच्च तलब र प्रतिष्ठित सरकारी अनुभवका कारण अन्तर्राष्ट्रियस्तरका प्रविधि विज्ञहरू अमेरिकी प्रविधि उद्योगमा आकर्षित हुन सक्ने विश्लेषण गरिएको छ । उक्त कार्यक्रमलाई अमेरिकी सरकारी प्रविधि प्रणालीको आधुनिकीकरणमा ठूलो प्रयास मानिए पनि यसको वास्तविक सफलता पारदर्शिता, कार्यान्वयन र दीर्घकालीन नीतिगत प्रतिबद्धतामा निर्भर रहने विज्ञहरुको विश्लेषण छ ।

*-डिसी नेपाल डटकम*

# तानसेनमा चित्रकला तथा फोटो प्रदर्शनी



**पाल्पा,** पुस ७/जिल्लाको तानसेनमा चित्रकला तथा फोटो प्रदर्शनी गरिएको छ । ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक पहिचानलाई उजागर गर्दै तानसेनलाई देश-विदेशमा पर्यटकीय गन्तव्यको रूपमा चिनाउने उद्देश्यसहित पाल्पा दरबार संग्रहालय परिसरमा चित्रकला तथा फोटो प्रदर्शनी गरिएको हो ।

तानसेन गुठी पाल्पाको आयोजनामा सुरु भएको यो प्रदर्शनी पुष ६ गतेदेखि आजसम्म सञ्चालन हुने छ । प्रदर्शनीमा तानसेनका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक तथा प्राकृतिक विषयवस्तु समेटिएका फोटो र चित्रकलाहरू राखिएका छन् । स्थानीय भाषा, कला, संस्कृति र भेषभूषाले चित्रकला तथा फोटो प्रदर्शनीमा महत्व पाएको छ । प्रदर्शनीले आन्तरिक तथा बाह्य पर्यटकलाई तानसेनप्रति आकर्षित गर्ने अपेक्षा आयोजकले गरेको छ । फोटो प्रदर्शनी तथा चित्रकलाको अवलोकन गर्दै तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले यस्ता प्रदर्शनीले तानसेनको इतिहास, सभ्यता र पर्यटन सम्भावनालाई प्रचार-प्रसार गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए । नगर प्रमुख श्रेष्ठले प्रदर्शनीले स्थानीय कला र संस्कृतिलाई संरक्षण गर्दै पर्यटनसँग जोड्दै नगरको आर्थिक गतिविधी चलायमान बनाउन सकिनेमा जोड दिए । तानसेन गुठी काठमाडौंका अध्यक्ष जीवनज्योती बज्राचार्यले तानसेन केवल ऐतिहासिक शहर मात्र नभई जीवन्त संस्कृति बोकेको पर्यटन गन्तव्य भएको उल्लेख गरे । तानसेन पर्यटन समितिका संयोजक सागरमान महर्जनले यस्ता सिर्जनात्मक कार्यक्रमहरूले पर्यटकलाई लामो समयसम्म तानसेनमा बस्न प्रेरित गर्ने बताउदै तानसेन नगरपालिकाले पर्यटन गतिविधीलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई सबै किसिमको सहयोग रहने प्रतिवद्धता जनाए । तानसेन गुठी पाल्पाका अध्यक्ष शकुन्तला बज्राचार्यले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै पाल्पा मगरहरूको शासनकालदेखि सेन वंशीय शासकहरूले राज्य विस्तार गरेको इतिहास, राणाकालीन समयमा नेपालको प्रमुख प्रशासनिक केन्द्रका रूपमा रहेको तानसेनको गौरवशाली पहिचानलाई नयाँ पुस्तासम्म पुऱ्याउनु आवश्यक रहेको बताईन । कार्यक्रमको सञ्चालन संस्थाका सचिव संजयराज शाक्यले गरेका थिए । चित्रकला तथा फोटो प्रदर्शनीमार्फत तानसेनको इतिहास, संस्कृति र प्राकृतिक सौन्दर्यलाई एकै स्थानमा प्रस्तुत गरिएकाले यसले पर्यटन व्यवसायमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

खेलकुद समाचार


## पाकिस्तानले जित्यो यू-१९ एशिया कपको उपाधि




**काठमाडौं,** पुस ७/भारतलाई १ सय ९१ रनले हराउँदै पाकिस्तानले एसीसी १९ वर्षमुनिको एशिया कप क्रिकेटको उपाधि जितेको छ । संयुक्त अरब इमिरेट्स (यूएई) को दुबईमा रहेको आईसीसी एकेडेमी मैदानमा पाकिस्तानले दिएको ३ सय ४८ रनको लक्ष्य पछ्याएको भारतले २६ ओभर २ बलमा १ सय ५६ रन बनाउँदा सबै विकेट गुमायो । भारतका दीपेश देवेन्द्रनले सबैभन्दा धेरै १६ बलमा ३६ रन बनाए । पाकिस्तानका अली राजाले ४ विकेट लिए । यसअघि टस हारेर ब्याटिङ गरेको पाकिस्तानले ५० ओभरमा ८ विकेट गुमाएर ३ सय ४७ रन बनायो । पाकिस्तानका समीर मिन्हासले ११३ बलमा १७२ रन बनाए । यस्तै अहमद हुसेनले ५६ रन बनाए ।

अर्थ/कर्पोरेट समाचार

## नेप्सेसँगै कारोबार रकममा गिरावट



**पाल्पा,** पुस ७/साताको दोस्रो सेयर कारोबार दिन सोमबार नेप्से परिसूचक दोहोरो अंकले घटेर बन्द भएको छ । अघिल्लो दिन आइतबार १९ दशमलव ९२ अंकले घटेको नेप्से परिसूचक सो दिन १३ दशमलव ८८ अंकले ओरालो लागेको हो ।

नेप्से घटेसँगै कारोबार रकम पनि आइतबारको तुलनामा घटेको छ । दोस्रो दिन ३ सय ३२ कम्पनीको ९१ लाख ६७ हजार ३ सय ५९ कित्ता शेयर ६५ हजार ३ सय १२ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ५१ करोड ५९ लाख ३० हजार ७ सय १८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा व्यापार समूहबाहेक अरु सबै समूहको उपसूचक घटेको छ । एसवाई प्यानल नेपाल लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ८४ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै लुम्बिनी विकास बैंक लिमिटेडको रु १० करोड ३० लाख ८९ हजार ११४ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै गरिमा समृद्धि योजनाको १२ लाख ७७ हजार १८० कित्ता शेयर किनबेच भएको छ । एउटा मात्रै कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो। एसवाई प्यानल नेपालको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो । कारोबारमा आएकामध्ये ५४ वटा स्टक्सको मूल्य बढ्दा २०० वटाको घट्यो । बाँकी ५ समूहको मूल्य भने स्थिर रह्यो । ट्रेडिङ समूहको उपसूचकबाहेक अरु समूहको उपसूचक भने नकारात्मक देखिएका छन् ।

## तानसेनमा फष्टाउँदै...

...तालिम उद्घाटन कार्यक्रममा तानसेन नगरपालिका नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, उप प्रमुख प्रतिक्षा गाँहा सिंजाली, प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरी, होमस्टे महासंघका महासचिव कृष्णलाल चौधरी, तानसेन पर्यटन समितिका संयोजक सागरमान महर्जन, वडा नं. ३ वडा अध्यक्ष बाबुरत्न शाक्य, पाल्पा व्यापार संघका अध्यक्ष विष्णु बहादुर कार्की, तानसेन नाटाका अध्यक्ष राजीव शाह, पाल्पा उद्योग वाणिज्य संघका अधिकृत शुसिल प्रधान, तालिमका फोकल पर्सन तानसेन नगरपालिकाका बरिष्ठ कार्यक्रम अधिकृत दुर्गा थापा, गेट अप पाल्पाका अध्यक्ष शुसिला श्रेष्ठ, पत्रकारमहासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना लगायतले तानसेनको पर्यटन प्रवर्द्धनमा होमस्टेले खेलेको भुमिका र होमस्टेलाई अझै व्यस्थित र व्यवसायिक, पारिवारिक बनाउन तालिम सञ्चालन गरिएको बताए । तानसेन होमस्टे समितिका अध्यक्ष धनीश्वर बस्यालको अध्यक्षता, समितिका उपाध्यक्ष बामदेव बस्यालको स्वागत र सचिव सुनिता श्रेष्ठको सञ्चालनका तालिम कार्यक्रम चलेको हो ।

### ट्याक्टर हराएको सूचना

यहि मिति २०८२/०९/२ गतेका दिन पाल्पाको तानसेन नगरपालिका -७ काजीपौवा चोकमा पार्किङ्ग गरी राखिएको निम्न विवरणको ट्याक्टर हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा जानकारी गराईदिनुहुन अनुरोध छ ।

*(नोटः फेला पार्नुहुने महानुभावलाई उचित पुरस्कारको व्यवस्था गरिएको छ ।)*

**नाम :** सन्ते थिङ
**ठेगाना :** तानसेन-७, पाल्पा
**गाडी नं. :** लु ५ त ११६७
**इन्जिन नं. :** E-२५७८५५८
**च्यासिस नं. :** TO५-२५९११४BL
**सवारीको रङ्ग :** निलो सेतो
**सम्पर्क नं. :** ९८५७०६२३११

### सूचना ! सूचना !! सूचना !!!

यस श्री मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्था लि.को १२ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई निमन्त्रणा कार्ड पठाई सकिएको छ । कारणवस निमन्त्रणा कार्ड प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**मिति : २०८२ पौष १२ गते शनिबार**
**समय : बिहान ११ : ३० बजे**
**स्थान : पाल्पा उद्योग वाणिज्य संघको सभाहल**
**ता.न.पा.-३, भगवतीटोल**

अनुरोधक

**श्री मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्था लि.**
**तानसेन, पाल्पा**
**सम्पर्क नम्बर : ०७५-५२१४०५, ९७६२५९०८०५**

**Tansen Municipality**
**Office of Municipal Executive**
**Tansen,Palpa**

## Invitation for Online Bids

**Date of Second publication: 2082/09/08 (Dec. 23, 2025)**

Tansen Municipality Office, Tansen, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system **www.bolpatra.gov.np/egp** for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**

***Information to deposit the cost of bidding document in Bank:***
***Name of the Bank:*** *Rastriya Banijya Bank Ltd., Palpa*
***Name of the Office:*** *Tansen Municipality Office, Tansen, Palpa*
***Rajaswa Account No.:*** *3030100301010004*
***Bid Validity Period:*** *90 days*
***Office Code :****80550401*
***Bank details for Bid security ( If Cash deposit) :****Ranstriya Banijya* ***Bank, Palpa, A/C no.*** *3030100303000004.*

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| TM/PLP/W/NCB /25/2082-083 | Construction of Bandipokhara Health Unit and Upgradation Of Badaharbot Health Unit, Tansen-11, Palpa | 19,56,254.93 | 3000.00 | 50000 | 2082/09/22 12.00 Pm (Jan 06 2026) |

**Chief Administrative Officer**
**Tansen Municipality Office**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई